# तपाईंको स्वास्थ्य तथा रोजगार

कामदारहरूका लागि महत्त्वपूर्ण जानकारी

## यदि ज्वरो वा अन्य लक्षण देखिएमा कामदारले के गर्नुपर्छ?

यदि कामदारमा खोकी लाग्ने, ज्वरो आउने, सास फेर्न गाह्रो हुने जस्ता लक्षणहरू देखिएमा अरुबाट टाढा बस्नुपर्छ र तुरुन्तै कतारको कोभिड-१९ हटलाइन १६००० मा सम्पर्क गर्नुपर्छ।

आपतकालीन अवस्थामा कामदारले ९९९ मा फोन गरेर एम्बुलेन्स बोलाउनुपर्छ।

## यदि आफूसँग स्वास्थ्य कार्ड छैन भने कामदारले के गर्नुपर्छ?

अहिलेको संकटको घडीमा परीक्षण गराउन र/वा उपचार प्राप्त गर्नका लागि स्वास्थ्य कार्ड र/वा QID हुन आवश्यक पर्दैन। यी सेवाहरू सरकारले नि:शुल्क प्रदान गर्छ।

## कामदार कतिबेला स्व-एकान्तबासमा जानुपर्छ?

निम्न अवस्थामा कामदार स्व-एकान्तबासमा जानुपर्छ र कोभिड-१९ हटलाइनलाई १६००० मा फोन गर्नुपर्छ:

- कोभिड-१९ को कुनै पनि लक्षण देखिएमा, जस्तै खोकी लाग्ने, ज्वरो आउने वा सास फेर्न गाह्रो हुने।
- कोभिड-१९ पोजेटिभ टेस्ट गरिएको कुनै मानिससँग प्रत्यक्ष सम्पर्क भएमा। सम्पर्कको बेलामा उक्त व्यक्तिले रोगको कुनै लक्षण नदेखाए पनि ।
- रोग व्यापकरूपमा फैलिएको कुनै देशबाट फर्केको भएमा।

थप जानकारीको लागि कृपया जनस्वास्थ्य मन्त्रालयको वेवसाइटमा जानुहोस् www.moph.gov.qa/

## कामदारहरूलाई कतिबेला एकान्तबासमा राखिनेछ?

कुनै कामदारमा कोभिड-१९ छ भन्ने लागेमा उक्त व्यक्तिको परीक्षणको नतिजा आउँदै गर्दा सरकारी निकायहरूद्वारा एकान्तबासमा राखिन सक्छ (यदि कामदारमा कुनै लक्षण देखिएमा वा कोभिड-१९ संक्रमण भएको कुनै व्यक्तिसँग सम्पर्क भएमा)।

## यदि कामदारमा कोभिड-१९ पोजेटिभ देखिएमा के हुन्छ?

कोभिड-१९ पुष्टि भएमा कामदारलाई मुकैनिस क्षेत्रका केन्द्रमा क्वारेन्टाइन गरिनेछ र सबै चिकित्सा हेरचाह, खाना र बस्ने व्यवस्था नि:शुल्क प्रदान गरिनेछ।

## साझा आवासमा कामदारहरूलाई एकान्तबास वा क्वारेन्टाइनको व्यवस्था गर्ने को जिम्मेवार छ?

कामदारहरूको एकान्तबास र क्वारेन्टाइनको व्यवस्था गर्ने जनस्वास्थ्य मन्त्रालय अन्तर्गतको सङ्कट व्यवस्थापनको लागि सर्वोच्च समितिको सुपरीवेक्षण अन्तर्गत कार्यरत विशेष चिकित्सा टोली जिम्मेवार छ। कामदारहरूलाई एकान्तबास वा क्वारेन्टाइनको व्यवस्था गर्ने दायित्व रोजगारदाताको होइन।

## के मान्य QID नभएका कामदारहरूले आवश्यक परेमा उपचार प्राप्त गर्न सक्छन्?

सम्पूर्ण कामदारहरूले सबै आवश्यक उपचार नि:शुल्क प्राप्त गर्नेछन् र यसमा उनीहरूको स्थितिले कुनै असर गर्दैन।

## कामदारहरू एकान्तबास, क्वारेन्टाइनमा हुँदा वा उपचार प्राप्त गर्दै गर्दा के उनीहरूले तलब पाउँछन्?

एकान्तबासमा रहेका, क्वारेन्टाइनमा रहेका वा उपचार प्राप्त गर्दै गरेका सम्पूर्ण कामदारहरूलाई अझै पनि उनीहरूको आधारभूत तलब भुक्तानी गरिनेछ र उनीहरू विरामी विदाका लाभहरूको हकदार भए पनि नभए पनि आफ्नो भत्ता प्राप्त गर्नेछन्।

## के सरकारले सेवाहरू बन्द गर्ने आदेश दिएका क्षेत्रमा रोजगारीमा रहेका कामदारहरूले आफ्नो आधारभूत ज्याला र खाना तथा आवास जस्ता अन्य भत्ता प्राप्त गर्नेछन्?

हो, सबै कामदारहरूले आफ्नो रोजगारदाताबाट आधारभूत तलब र भत्ताहरू प्राप्त गर्नेछन्।

## सङ्कटले गर्दा के कामदारहरूको करार अन्त्य गर्न सकिन्छ?

रोजगारदातासँग करार अन्त्य गर्ने अधिकार छ। यद्यपि, रोजगार अन्त्य गर्दा श्रम कानुन र करारका सर्तहरू पूर्ण रूपमा पालना गरिनुपर्छ, जसमा सूचना दिने अवधि र गृह देशमा फर्कने टिकट लगायतका सम्पूर्ण विचाराधीन हकहरूको भुक्तानी सामेल छन्।

## कम्पनीले सेवाहरू घटाएकाले गर्दा कामदारहरूले काम गर्न नसकेको अवधिलाई कभर गर्न के कामदारहरूलाई वार्षिक विदा वा बेतलबी विदा लिन अनुरोध गर्न सकिन्छ?

व्यवसाय र रोजगार दीर्घकालीनरूपमा जोगियोस् भन्ने कुराको ध्यान दिंदै दुवै पक्षको फाइदा हुने गरी हानी कम गर्न यस समयमा सबैले समन्वय गर्नु आवश्यक छ। त्यसैले यदि व्यवसाय रोकिएको छ र कामदारलाई कुनै काम तोकिएको छैन भने कामदारहरूले बेतलबी विदा लिने वा आफ्नो वार्षिक विदा प्रयोग गर्ने भन्ने बारेमा रोजगारदाता र कामदारहरू मिलेर आपसी समझदारीमा आउन सक्छन्। यद्यपि, रोजगारदाताले खाना र आवासका सम्पूर्ण लाभहरू प्रदान गर्न जारी राख्नुपर्छ।

## यदि कामदारहरू देश बाहिर छन् र फर्कन सकेनन् भने यसले उनीहरूको रोजगारमा कस्तो असर गर्छ?

रोजगारदाता र कामदारले कार्य सर्तहरू र लाभहरूको बारेमा छलफल गर्नुपर्छ। करारमा गरिएको कुनै संशोधन अस्वीकार गर्ने अधिकार कामदारसँग छ। रोजगार अन्त्य गरिएको अवस्थामा श्रम कानुन र करारका सर्तहरू पूर्ण रूपमा पालना गरिनुपर्छ, जसमा सूचना दिने अवधि र सम्पूर्ण विचाराधीन हकहरूको भुक्तानी सामेल छन्।

## सरकारी सेवाहरू घटाइएको यस अवधिमा के म्याद सकिएका भिसा वा QID हरूको स्वत: म्याद थपिनेछ?

भिसा थप गर्न (वा भिसाको स्थिति जाँच्न) यो लिंकमा जानुहोस्:https://portal.moi.gov.qa/visitvisaextension

QID थप गर्न (वा यसको स्थिति जाँच्न) कृपया **Metrash2** एप प्रयोग गर्नुहोस्।

कृपया नयाँ जानकारीका लागि आन्तरिक वेबसाइट मन्त्रालयमा रिफर गर्नुहोस्।

## के घरेलु रोजगारमा लगाइएका घरेलु कामदारका लागि पनि यही नियमहरू लागू हुन्छ?

माथिका सम्पूर्ण जानकारीहरू घरमा रोजगार गरिरहेका घरेलु कामदारहरूमा पनि समानरूपले लागू हुन्छ।

## यदि यस समयमा कामदारहरूसँग आफ्नो रोजगार वा आवाससँग सम्बन्धित गुनासा छन् भने उनीहरूले के गर्न सक्छन्?

कामदारहरूले प्रशासनिक विकास, श्रम तथा सामाजिक मामिला मन्त्रालयमा १६००८ मा फोन गरेर वा info@adlsa.gov.qa मा इमेलमार्फत सम्पर्क गर्नुपर्छ।